स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



वरिष्ठ कलाकार मदनकृष्ण श्रेष्ठको जीवनीमा आधारित हुने बायोपिक फिल्म "म मदनकृष्ण" मा हरिवंश आचार्यको भूमिकामा को हुनेछ भन्ने कौतुहलता ब्यापक थियो। मदनकृष्णका सहयात्री हरिवंशको रोल फिल्मको कथामा मेरुदण्ड भएकैले यसको कास्टिङलाई लिएर पर्खाइ थियो। प्रतीक्षाको समय सकिएको छ र मेकरले हरिवंशको भूमिकामा खेल्ने कलाकार पक्का गरेका छन्। यो फिल्ममा अभिनेता अरुण क्षेत्रीले अभिनय गर्ने भएका छन्।

**आजको विचार...**



न्यायधिस...
(दुई पेजमा)

विदुर घिमिरे



बलिउडका "दबंग" अभिनेता सलमान खान र उनकी बहिनी अलवीरा खान कानुनी फन्दामा परेका छन्। चण्डीगढमा "बिइङ ह्युमन" ज्वेलरी शोरुम जोडिएको कथित ठगी मामिलामा एक ठूलो अपडेट आएको छ। चण्डीगढको जिल्ला अदालतले सलमान खान, उनकी बहिनी अलवीरा र सम्बन्धित कम्पनी "स्टाइल एन्ड क्युन्टेन्ट ज्वेलरी प्राइभेट लिमिटेड" का निर्देशकहरु लगायत अन्यलाई कानुनी नोटिस (लिखित आदेश) पठाएको छ।

❒ वर्ष ३२ ❒ अंक २४ ❒ २०८३ साउन २४ गते आइतबार 9 August 2026, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# पाल्पामा सेनकालीन पर्यटकीयस्थलको प्रचारमा पदयात्रा

रामचन्द्र रायमाझी

**पाल्पा,** साउन २३/ पाल्पामा थुप्रै ऐतिहासिक तथा सेनकालीन पर्यटकीयस्थलहरु रहेका छन् । कयौं पर्यटकीय स्थलहरुको पहिचान हुन सकेको छैन भने पहिचान भएकाहरुको उचित प्रचार-प्रसार हुन सकिरहेको छैन । ति पर्यटकीयस्थलको प्रचार-प्रसार गर्दै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले यहाँ पदयात्रा गरिएको छ । जिल्लाका पर्यटन व्यवसायीको छाता संगठन नेपाल एसोसिएशन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) पाल्पा च्याप्टरले पहिचान हुन नसकेका पर्यटकीय स्थलहरुको खोजी र पहिचान भएकाहरुको प्रचार-प्रसार गर्ने उद्देश्यले पाल्पामा पदयात्रा अभियान सञ्चालन गरेको छ ।

'पाल्पाली पहिचान, सेनकालीन इतिहास' भन्ने नारासहित नाट्टाले साउन महिनाको हरेक शनिबार पदयात्रा गर्दै आएको हो ।



पदयात्रामा सहभागीहरूले जिल्लाका विभिन्न सेनकालीन सम्पदाको अवलोकन गर्दै तिनको ऐतिहासिक, सांस्कृतिक तथा पर्यटकीय महत्वबारे जानकारी लिएका छन् । उनीहरुले स्थानीय कला, संस्कृति र प्राकृतिक सौन्दर्यको समेत अनुभव गरेका छन् । पहिलो शनिबार साउनको २ गतेदेखि सञ्चालन भएको अभियान साउन २३ गते चौथो पदयात्रा गरिएको छ । शनिबार चौथौ पदयात्राको तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले शुभारम्भ गरेका हुन् । उनले पदयात्राको शुभारम्भ गर्दै तानसेनको सेनकालीन पर्यटकीय क्षेत्रको विकासमा अभियानले महत्वपूर्ण भूमिका खेल्ने बताए । "यहाँका आकर्षक गन्तव्यहरूको प्रचार हुन सकेको छैन,पोखरा जाने पर्यटकहरूले यहाँ रमाउन चाहन्छन्", नगरप्रमुख श्रेष्ठले भने । आन्तरिक तथा बाह्रय पर्यटकलाई घुमाउन यहाँका गन्तव्यहरुको उचित प्रचार गरिनुपर्नेमा उनले जोड दिए । नगर प्रमुख श्रेष्ठले तानसेनको पर्यटन विकासका लागि नगर सरकारले आवश्यक सहयोग गर्ने समेत बताए । सेनकालीन सम्पदाको संरक्षण, प्रचारप्रसार र पर्यटन विकासलाई जोड दिँदै यस्ता पदयात्रालाई आगामी दिनमा पनि निरन्तरता दिनुपर्नेमा उनले जोड दिए ।

पाल्पाको पर्यटन प्रवर्धन तथा सेनकालीन पर्यटकीय महत्वका स्थानहरूको प्रचार-प्रसार गरी प्रवर्द्धन गर्न पदयात्रा गरिएको नाट्टा पाल्पाका अध्ययक्ष राजीव शाहाले बताए । उनले भने "जिल्लामा पहिचान भएका र पहिचान हुन नसकेर ओझेलमा परेका धेरै नै पर्यटकीय स्थलहरु छन्, तर तिनको खोजी र उचित प्रचार-प्रसार हुन नसक्दा अझेलमा छन्, तिनीहरुको खोजी र प्रचार-प्रसार गर्न अभियान महत्वपूर्ण हुने विश्वास लिएको छु ।" पदयात्रा केवल मनोरञ्जन होइन, सम्पदा चिनाउने, स्थानीय अर्थतन्त्र चलायमान बनाउने र इतिहासलाई नयाँ पुस्तासम्म पुऱ्याउने माध्यम बन्न सक्ने पदयात्रामा सहभागी नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले बताए ।

*(बाँकी अन्तिम पेजमा...)*

## सक्षिप्त समाचार

### भारतमा बस दुर्घटना, आठ जनाको मृत्यु

(रासस/सिन्ह्वा)

**नयाँदिल्ली, साउन २३** /उत्तरी भारतीय राज्य हिमाचल प्रदेशमा शनिबार एउटा निजी बस सडकबाट चिप्लिएर दुर्घटना ग्रस्तहँदा कम्तीमा आठ जनाको मृत्यु हुनुका साथै र अन्य दश जना घाइते भएको प्रहरीले जनाएको छ । दुर्घटना हिमाचल प्रदेशको राजधानी शिमलाबाट करिब ३९३ किलोमिटर उत्तरमा चम्बा जिल्लाको पाहाडी क्षेत्रमा भएको जनाइएको छ । यात्रुबहाक बसमा दुर्घटनाको समयमा १८ जना सवार रहेको बताइएको छ ।

दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको जनाइएको छ । यसैबीच, हिमाचल प्रदेशमा भारी वर्षाका कारण १८५ वटा सडक बन्द भएको जनाइएको छ । राज्य आपतकालीन सञ्चालन केन्द्रका अनुसार जुन -३० मा मनसुन सुरु भएदेखि हिमाचल प्रदेशमा १४३ जनाको मृत्यु भएको थियो । ती मध्ये ६५ जनाको वर्षासँग सम्बन्धित घटनामा मृत्यु भएको थियो भने ७८ जनाको सडक दुर्घटनामा मृत्यु भएको थियो ।

# आज राष्ट्रिय भू-संरक्षण दिवस मनाइँदै


**पाल्पा,** साउन २३/ आज राष्ट्रिय भू-संरक्षण दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ । दिवसका अवसरमा आज देशका विभिन्न स्थानमा अन्तर्क्रिया गर्नुका साथै वृक्षरोपण गरेर दिवस मनाइँदै छ । बाढी, पहिरो, भू-क्षयजस्ता प्राकृतिक प्रकोप कम गर्दै पारिस्थितिक सन्तुलन कायम राख्न सहयोग पुऱ्याउन एवं भू-क्षय कम गरी जमिनको उर्वराशक्ति कायम राख्न तथा पूर्वाधार संरक्षण गर्ने उद्देश्यले २०३१ साउन २४ गतेदेखि दिवस मनाउन थालिएको हो ।

नेपालमा हरेक वर्ष श्रावण महिनाको २४ गते राष्ट्रिय भू-संरक्षण दिवस मनाउने गरिन्छ । यो दिन भू तथा जलाधार संरक्षण विभाग स्थापना भएको सम्झना स्वरुप दिवसको सुरुवात भएको हो । विभागको स्थापना सँगै जिल्ला स्तरमा भू-संरक्षण कार्यालय स्थापना गरी सेवा प्रवाह सुरु गरिएको थियो । हाल भू उपयोगको ढाँचामा तीव्र परिवर्तन आइरहेको छ । अव्यवस्थित प्लटिङ र भौतिक संरचनाहरूको अनर्गल निर्माणले खेतीयोग्य जमिनमा कमी आइरहेको छ । वातावरणीय संवेदनशीलता, प्राकृतिक विपत्ति तथा जलवायु परिवर्तनको प्रभावको दृष्टिकोणले नेपाल उच्च जोखिममा रहेको छ । संवेदनशील भू-धरातलीय र भौगोलिक अवस्थिति तथा कमजोर भौगर्भिक बनावटका कारणले गर्दा मानवजन्य तथा प्राकृतिक प्रकोपका प्रभावहरूबाट भारी मात्रामा धनजनको क्षति र वातावरणीय समस्या बेहोर्नु परेको छ । हरित विकासको अवधारणा अनुरूप मानवीय क्रियाकलाप र विकास प्रकियालाई वातावरणमैत्री बनाउँदै जलवायु परिवर्तनको प्रतिकूल असरसँग अनुकूलित हुने दायित्व सृजना गरी मुलुकको समष्टिगत दिगो विकासमा जलवायु परिवर्तनले पार्ने प्रभावलाई न्यूनीकरण गर्दै वातावरण र भूमि संरक्षण गर्नुपर्ने देखिन्छ ।

# ढोरपाटनमा ३७ हजार पर्यटक, ४७ लाख आम्दानी

**बागलुङ,** साउन २३ / ढोरपाटन पुग्ने पर्यटकको संख्या पछिल्लो समय वृद्धि हुँदै गएको छ । एक वर्षमा ३७ हजार पर्यटक ढोरपाटन पुगेका छन् । तीमध्ये अधिकांश आन्तरिक पर्यटक रहेका ढोरपाटन सिकार आरक्ष कार्यालय, बागलुङले जनाएको छ ।

नेपालको एक मात्रै सिकार आरक्ष क्षेत्र ढोरपाटन पुग्ने पर्यटकको संख्या एक वर्षमा १३ हजारले बढेको कार्यालयका रेञ्जर सागर सुवेदीले जानकारी दिए । ढोरपाटनमा पर्यटकीय पूर्वाधार निर्माण, प्रचारप्रसार तथा व्यवस्थित होटल तथा घरबास ( होमस्टे)को विकासले पर्यटकको संख्या बर्सेनि वृद्धि भइरहेको उनले बताए । रेञ्जर सुवेदीका अनुसार पर्यटकको संख्यामा वृद्धि भएसँगै पर्यटकबाट प्राप्त हुने राजस्व पनि बर्सेनि बढिरहेको छ । आर्थिक वर्ष २०८२/८३ मा ढोरपाटनमा आउने पर्यटकको संख्या ३७ हजार ५२० पुगेको जनाउँदै तीमध्ये ३७ हजार २७०



नेपाली पर्यटक रहेका उनले जानकारी दिए । उनका अनुसार आव २०८१/८२ मा २३ हजार ६९२ र आव २०८०/८१ मा १५ हजार ५७३ पर्यटक ढोरपाटन पुगेका छन् । ढोरपाटन क्षेत्रको प्रचार-प्रसार, पर्यटकीय पूर्वाधार, बुकीपाटनको चर्चा र जलजलामा पदयात्रा गर्ने पर्यटकका कारण संख्या बर्सेनि बढ्दै गएको सुवेदीको भनाइ छ । उनका अनुसार पर्यटकको संख्यामा वृद्धि भएपछि आव २०८२/८३ मा पर्यटक प्रवेश शुल्कबाट ४७ लाख ६८ हजार ४०५ र आव २०८१/८२ मा ३१ लाख २१ हजार ५०० राजस्व संकलन भएको थियो । पर्यटक सूचना प्रणलीको विकास, पर्यटन पदमार्गको रुट कायमलगायत पूर्वाधार विस्तारका कारण ढोरपाटनको प्रचारप्रसार भएपछि आन्तरिक पर्यटकको आगमन बढेको आरक्ष कार्यालयका रेञ्जर सुवेदीले बताए । उनका अनुसार आरक्षले आन्तरिक तथा नेपाली पर्यटकलाई ढोरपाटन प्रवेशका लागि १००, सार्क राष्ट्रका पर्यटकलाई एक हजार ५०० र विदेशी पर्यटकलाई रु तीन हजार प्रवेश शुल्क लिँदै आएको छ । यस्तै आरक्षले ढुङ्गा गिट्टी बालुवाबाट आर्थिक वर्ष २०८२/८३ मा रु एक करोड एक लाख २७ हजार ९५३ संकलन गरेको छ । गत आर्थिक वर्षको तुलनामा संकलन भएको राजस्व रु ४६ लाख ४१ हजारले बढी हो ।

*(बाँकी अन्तिम पेजमा...)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# भू-संरक्षणमा सबै सचेत बनौँ

आज अन्तराष्ट्रिय भू-संरक्षण दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ । विश्वमा बढ्दो प्राकृतिक दोहन र त्यसबाट भूमिमा परिरहेको दवाव एवं त्यसले सिर्जना गरेको विपदलाई संरक्षण गर्ने ध्येयले यो दिवस मनाउन थालिएको हो । २०३१ साउन २४ गतेदेखि हरेक वर्ष आजकै दिन यो दिवस मनाउने गरिएको पाइन्छ । भू-तथा जलाधार संरक्षण विभाग स्थापना भएको साउन २४ गतेलाई 'भू-संरक्षण दिवस' का रूपमा मनाउने गरिएको हो । तर हरेक वर्ष कार्यक्रम गरेर दिवस मनाउने गरिए पनि त्यसले सार्थकता प्राप्त गर्न सकेको छैन । वातावरणीय संवेदनशीलता, प्राकृतिक विपत्ति तथा जलवायु परिवर्तनको प्रभावका दृष्टिकोणले नेपाल उच्च जोखिममा छ । संवेदनशील भू-धरातलीय र भौगोलिक अवस्थिति तथा कमजोर भौगर्भिक बनावटका कारणले गर्दा मानवजन्य तथा प्राकृतिक प्रकोपका प्रभावबाट भारी मात्रामा धनजनको क्षति र वातावरणीय समस्या व्यहोर्नुपरेको छ । पहिरो र भू-स्खलनबाट नेपालका पहाडी तथा हिमाली क्षेत्रहरूले बर्सेनि ठूलो धनजनको क्षति भोगिरहेका छन् । तर हरेक वर्ष दिवसका दिन गरिने औपचारिक कार्यक्रमले कुनै सार्थकता पाउन सकिरहेको छैन् । यो अत्यन्त दुखको कुरा हो ।

बढ्दो सहरीकरण, अव्यवस्थित विकास, वन विनाश, रासायनिक मल तथा विषादीको अत्यधिक प्रयोग, खानी उत्खनन र जलवायु परिवर्तनका कारण माटोको गुणस्तर निरन्तर खस्कँदै गएको छ । नेपाल कृषि प्रधान देश भए पनि यहाँका धेरै क्षेत्रमा माटो कटान, पहिरो, मरुभूमीकरणको जोखिम, उर्वराशक्तिको ह्रास र खेतीयोग्य जमिनको अनियन्त्रित खण्डीकरणजस्ता समस्या बढिरहेका छन् । प्रत्येक वर्ष ठूलो परिमाणमा उर्वर माटो बाढी र पहिरोले बगाएर लैजाने गरेको छ । यसले कृषि उत्पादन घटाउनुका साथै खाद्य सुरक्षामाथि पनि गम्भीर चुनौती सिर्जना गरेको छ । भूमि संरक्षण केवल किसानको मात्र जिम्मेवारी होइन, यो सम्पूर्ण समाजको साझा दायित्व हो । वैज्ञानिक खेती प्रणाली अपनाउने, वृक्षारोपण गर्ने, डाँडापाखामा टेरेस खेतीलाई प्रोत्साहन गर्ने, जैविक मलको प्रयोग बढाउने, पानीको उचित व्यवस्थापन गर्ने तथा अनियन्त्रित वन फँडानी रोक्ने जस्ता उपायले माटोको संरक्षण गर्न सकिन्छ । साथै, सरकारले भूमि संरक्षणसम्बन्धी नीति प्रभावकारी रूपमा कार्यान्वयन गर्दै जनचेतना अभिवृद्धि गर्न आवश्यक छ । यो दिवस केवल औपचारिक कार्यक्रमको दिन होइन, यो पृथ्वीको आधारभूत सम्पत्ति जोगाउने सामूहिक प्रतिबद्धता व्यक्त गर्ने अवसर हो ।

स्वस्थ माटो बिना समृद्ध कृषि सम्भव छैन, र समृद्ध कृषि बिना दिगो विकासको कल्पना गर्न सकिँदैन । त्यसैले आजको आवश्यकता भूमि संरक्षणलाई विकासको केन्द्रमा राख्दै प्राकृतिक स्रोतको दिगो उपयोग गर्नु हो । माटो बचाउनु भनेको वर्तमान मात्र होइन, भावी पुस्ताको भविष्य सुरक्षित गर्नु पनि हो । अब समय आएको छ–भूमिलाई सम्मान गरौँ, माटो जोगाऔँ र समृद्ध भविष्य निर्माण गरौँ ।

## Opinion @ Social Network

बोल्न सक्थैं तर समयलाई बोल्न छोडिदिएँ,
किन कि सत्य शब्दले होइन समयले देखाउँछ ।
*(सुस्मा थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Susma.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# न्यायधिस जनता : फैसला मतपत्र



**विदुर घिमिरे**

नेपालको राजनीतिमा एउटा सत्य पटक(पटक प्रमाणित भएको छ( जनता कहिल्यै स्थायी रूपमा कसैको हुँदैनन् । उनीहरू न कुनै दलका बन्धक हुन्, न कुनै नेताका भक्ता उनीहरू केवल आशाका यात्री हुन् । जसले आशा जगाउँछ, उसैलाई जनादेश दिन्छन्ह जसले विश्वास तोड्छ, उसैलाई मतपत्रबाट सजाय पनि दिन्छन् ।

१०४ वर्षे राणा शासन र ३० वर्षे पञ्चायती व्यवस्थापछि प्राप्त प्रजातन्त्रसँग नेपाली जनताले समृद्धि, सुशासन र राजनीतिक संस्कारको सपना देखेका थिए । २०४८ सालमा काँग्रेसलाई स्पष्ट बहुमत दिए । तर सत्ता जनसेवाभन्दा गुट, घमण्ड र कुर्सीको खेलमा अल्झियो । २०५१ मा जनताले एमालेलाई पहिलो शक्ति बनाए, तर त्यहाँ पनि विभाजन, अहंकार र आन्तरिक संघर्षले जनादेशको मर्म जोगाउन सकेन । २०५६ मा फेरि कांग्रेसलाई बहुमत दिए, तर इतिहास फेरि उस्तै दोहोरियो । टुट फुट मै समय बितायो काँग्रेस ।

जनताले त्यसपछि नयाँ शक्ति खोज्न बाध्य भए । २०६४ मा माओवादीलाई देशकै सबैभन्दा ठूलो दल बनाए । त्यो केवल एउटा पार्टीको विजय थिएन, पुरानो राजनीतिक संस्कृतिविरुद्ध जनताको स्पष्ट विद्रोह थियो । तर परिवर्तनको नाराले पनि अपेक्षाअनुसार परिणाम दिन सकेन । २०७० मा फेरि कांग्रेस, २०७४ मा झन्डै दुईतिहाइ जनादेशसहित नेकपा । जनताले कसैलाई बाँकी राखेनन् । तर सत्ता फेरियो, संस्कार फेरिएन । सरकार बने, फुटे, फेरि बने । कुर्सी बदलियो, तर जनताको अवस्था उस्तै रह्यो । जनता अब बिरक्त भएर २०७९ को निर्वाचन मार्फत संकेत दिए तिमिहरुलाई यो अन्तिम मौका हो त्यहि मौकामा यति चौका हाने पुराना दलले यति धेरै प्रधानमन्त्री फेर्‍यो कि विद्यार्थीले एउटाको पालामा पाठ पढे, अर्कोको पालामा परीक्षा दिए र तेस्रोको पालामा नतिजा पाए । जनताले पाँच वर्ष कुर्न पनि पाएनन् ह उनीहरूको धैर्य राजनीतिभन्दा छिटो सकियो ।

अन्ततः २०८२ सालको निर्वाचनमा जनताले कुनै ठूलो घोषणा गरेनन्, कुनै आन्दोलन पनि गरेनन् । उनीहरूले चुपचाप मतदान केन्द्र पुगे, घण्टी छापमा मत खसाले र एकैपटक पुराना दलको 'पत्तासाफ' गरिदिने सशक्त सन्देश दिए । त्यो मत कुनै एक दलप्रतिको अन्धविश्वासभन्दा बढी पुरानो राजनीतिक शैलीप्रतिको असन्तुष्टिको अभिव्यक्ति थियो । यसले एउटा कुरा स्पष्ट गर्‍यो नेपाली जनता उमेर होइन, ऊर्जा खोजिरहेका छन्ह अनुहार होइन, चरित्र खोजिरहेका छन्ह भाषण होइन, परिणाम खोजिरहेका छन् । उनीहरू भ्रष्टाचारमुक्त शासन, उत्तरदायी नेतृत्व र भविष्य देख्न सकिने नेपाल चाहन्छन् । लोकतन्त्रमा जनता नै अन्तिम न्यायाधीश हुन् । अदालतको फैसला पुनरावेदन हुन सक्छ, तर जनताको फैसला मतपेटिकामा लेखिएपछि त्यसको पुनरावेदन हुँदैन । त्यसैले नेपाली जनताले ३६ वर्षमा कांग्रेस, एमाले, माओवादीदेखि नयाँ शक्तिसम्म सबैलाई अवसर दिएर एउटा सन्देश निरन्तर दोहोर्‍याएका छन सत्ता होइन, सेवा गरह अहंकार होइन, उत्तरदायित्व देखाऊ । आजको नेपालले केवल नयाँ दल खोजेको होइन, नयाँ राजनीतिक संस्कार खोजेको हो । युवा भन्नु उमेरको अंक मात्र होइनह इमानदार सोच, स्वच्छ चरित्र, दूरदृष्टि र राष्ट्रप्रतिको जिम्मेवारी हो । यदि नयाँ पुस्ताले पनि पुरानै रोग बोकेर राजनीति गर्छ भने जनताले अर्को विकल्प खोज्न समय लगाउने छैनन् ।

नेपाली जनताको इतिहास हेर्दा एउटा निष्कर्ष स्पष्ट देखिन्छ ,उनीहरूले नेता कहिल्यै खोजेका छैनन्, नेतृत्व खोजेका छन् । र नेतृत्व सधैं त्यहीँ टिक्छ, जहाँ जनताको विश्वास बाँकी रहन्छ अन्य देशमा विकासको प्रयोगशाला भए झै नेपालमा राजनीतिको प्रयोगशाला भैईरह्यो यो अन्तिम प्रयोगशाला हो त्यसैले अब नेपाल प्रयोगशाला होइन नेपाललाई सुन्दर , सफा , शान्त र भ्रष्टचार मुक्त देश बनाई विकासउन्मुख देश बनाउने सपना नेपाली जनताले खोजेका छन् अधिक मतदाता ब्यक्तिगत लाभ खोजेकै छैन हाम्रो देश हाम्रो विकास प्राण भन्दा प्यारो छ मनभरि देश प्रतिको भक्तिभाव र राष्ट्र प्रेमले भरिएको मन लिएर आसामा आफ्नो दैनिकी बिताएको प्रस्ट सग बुझेका छन् । सबैको जयहोस् नेपालको जयहोस् हजुरको जयहोस् मेरो जयहोस् हजुरको जयहोस् ।

# कठिन चुनौतीबीच जनादेशको जिम्मेवारी



**राजेश महर्जन**

> *सुशासन, सेवा प्रवाह, आर्थिक पुनरुत्थान, रोजगारी सिर्जना, लगानीमैत्री वातावरण, उद्योग-व्यवसायको संरक्षण, भ्रष्टाचार नियन्त्रण तथा अन्तर्राष्ट्रिय समुदायसँग सन्तुलित कूटनीतिक सम्बन्ध कायम गर्नु आजको आवश्यकता हो । नेपाललाई ग्रे लिस्टबाट बाहिर निकाल्ने, लगानीकर्तामा विश्वास जगाउने र अर्थतन्त्रलाई गतिशील बनाउने कार्यमा सरकारको सम्पूर्ण शक्ति केन्द्रित हुनुपर्छ ।*

नेपाली जनताले परिवर्तन, सुशासन र समृद्धिको अपेक्षासहित दुईतिहाइ बहुमतको सरकारलाई अभूतपूर्व जनादेश दिएका छन् । यो जनादेश कुनै दल वा व्यक्तिको विजयमात्र होइन, देशलाई राजनीतिक अस्थिरता, भ्रष्टाचार, कमजोर सेवा प्रवाह र आर्थिक निराशाबाट बाहिर निकाल्ने राष्ट्रिय जिम्मेवारी पनि हो । सरकार गठन भएको छोटो अवधिमै विभिन्न प्रकारका चुनौती देखापरेका छन् । सरकारविरुद्ध राजनीतिक आरोप-प्रत्यारोप, व्यक्तिगत आक्षेप, अन्तर्राष्ट्रिय दबाब, सामाजिक सञ्जालमा फैलिने अफवाह तथा बजारमा चल्ने विभिन्न हल्लाले जनमानसमा अनेक प्रश्न उठाइरहेका छन् । यदि सरकारभित्र प्रधानमन्त्री, अर्थमन्त्री, गृहमन्त्री, परराष्ट्रमन्त्री, पार्टी नेतृत्व वा अन्य उच्च तहका जिम्मेवार व्यक्तिहरूबीच मतभेद रहेको भन्ने चर्चा सत्य हो भने त्यसलाई सार्वजनिक विवादको विषय होइन, संवाद, परिपक्वता र संस्थागत प्रक्रियाबाट समाधान गरिनुपर्छ । जनताले बहुमत दिएको सरकारभित्र अनावश्यक शक्ति संघर्षको कुनै औचित्य रहँदैन । सरकारले अहिले आन्तरिक विवादभन्दा राष्ट्रिय प्राथमिकतालाई केन्द्रमा राख्नुपर्छ । सुशासन, सेवा प्रवाह, आर्थिक पुनरुत्थान, रोजगारी सिर्जना, लगानीमैत्री वातावरण, उद्योग-व्यवसायको संरक्षण, भ्रष्टाचार नियन्त्रण तथा अन्तर्राष्ट्रिय समुदायसँग सन्तुलित कूटनीतिक सम्बन्ध कायम गर्नु आजको आवश्यकता हो । नेपाललाई ग्रे लिस्टबाट बाहिर निकाल्ने, लगानीकर्तामा विश्वास जगाउने र अर्थतन्त्रलाई गतिशील बनाउने कार्यमा सरकारको सम्पूर्ण शक्ति केन्द्रित हुनुपर्छ । नेपालको सामाजिक संरचना बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक छ । त्यसैले जात, धर्म, भाषा वा समुदायका नाममा कुनै प्रकारको विभाजन, द्वन्द्व वा घृणालाई स्थान दिनु हुँदैन । सबै धर्म, संस्कृति र समुदायप्रति समान सम्मान, संवैधानिक अधिकारको संरक्षण र सामाजिक सद्भावको प्रवर्द्धन नै दिगो शान्ति र विकासको आधार हो । सरकारले समाजका सबै क्षेत्र-बौद्धिक वर्ग, निजी क्षेत्र, श्रमिक, किसान, युवा, महिला, सञ्चारमाध्यम, नागरिक समाज तथा विज्ञहरूको रचनात्मक सुझावलाई सम्मानपूर्वक सुन्नुपर्छ । आलोचनालाई शत्रुता होइन, सुधारको अवसरका रूपमा लिनसक्ने सरकार नै सफल सरकार बन्न सक्छ । आज जनताको सबैभन्दा ठूलो चाहना राजनीतिक विवाद होइन, परिणाम हो । उनीहरूलाई समयमै सेवा, पारदर्शी प्रशासन, न्याय, सुरक्षा, रोजगारी र विकास चाहिएको छ । 'युद्ध होइन, अपराध होइन, प्रभावकारी सेवा प्रवाह' भन्ने संस्कृतिको विकास गर्नसके मात्र जनविश्वास अझ बलियो बन्नेछ । सरकारले अफवाह र भ्रमबाट विचलित नभई तथ्य, पारदर्शिता र प्रभावकारी कार्यसम्पादनमार्फत जनताको विश्वास कायम गर्नुपर्छ । नकारात्मक प्रचार चाहे स्वदेशबाट होस् वा विदेशबाट, त्यसको उत्तर सरकारको कामले दिनुपर्छ, शब्दले मात्र होइन । आगामी दिनमा सरकार, प्रधानमन्त्री, पार्टी नेतृत्व र सम्पूर्ण राज्य संयन्त्रले राष्ट्रिय हितलाई सर्वोपरि राख्दै सबै चुनौतीहरूको परिपक्व ढंगले सामना गर्न सक्नेछन् भन्ने अपेक्षा जनतामा छ । कठिनाइहरू अवश्य छन्, तर जनादेश पनि असाधारण छ । यही जनादेशलाई सम्मान गर्दै सरकार आफ्नो शपथ, प्रतिबद्धता र जनतासँग गरेका वाचा पूरा गर्न सफल भयो भने नेपाल सुशासन, शान्ति, सामाजिक सद्भाव र समृद्धिको नयाँ यात्रातर्फ अघि बढ्न सक्छ । अब हेर्न बाँकी एउटै कुरा छ- के सरकार आरोप, दबाब, अफवाह र चुनौतीमाथि उठेर परिणाम दिन सफल हुन्छ ? यसको उत्तर अब राजनीतिक भाषणले होइन, सरकारको कार्यसम्पादनले दिनेछ । नेपाली जनता प्रतीक्षामा छन् । आजको आवश्यकता आरोप-प्रत्यारोप होइन, राष्ट्रिय एकता हो । शक्ति संघर्ष होइन, साझा जिम्मेवारी हो । सत्ता टिकाउने राजनीति होइन, राष्ट् निर्माणको राजनीति हो । दुईतिहाइको जनादेशले सरकारलाई अवसर दिएको छ, अब त्यसलाई उपलब्धिमा रूपान्तरण गर्ने जिम्मेवारी सरकारकै काँधमा छ । अन्ततः नेपाली जनता अझै आशावादी छन् । उनीहरू सरकार असफल होस् भन्ने होइन, सफल होस् भन्ने चाहन्छन् । प्रधानमन्त्री, पार्टी नेतृत्व र सम्पूर्ण राज्य संयन्त्रले आपसी मतभेदलाई संवादमार्फत अन्त्य गरी राष्ट्रिय हितलाई सर्वोच्च प्राथमिकता दिनेछन् भन्ने विश्वास गर्न सकिन्छ । अब समय प्रतीक्षाको होइन, परिणामको हो । यही परिणामले वर्तमान सरकारको वास्तविक मूल्यांकन गर्नेछ र नेपालको भविष्यको दिशा पनि निर्धारण गर्नेछ ।

*-इहिमालयन डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ अवसर आउने छ । सानो परिवर्तनले भविष्यका लागि राम्रो हुने छ । | **तुला**:साझेदारीकामलेगति लिनेछ।प्रतिभा देखाउने अवसर प्राप्त हुने छ । |
| **वृष** : नयाँ योजना बनाउने समय छ । अड्किएको काम अघि बढ्ने छ । | **वृश्चिक** : अधुरा काम पूरा गर्ने समय आएको छ ।धैर्य राख्दा सम्मान बढ्नेछ। |
| **मिथुन** : झन्झट आफैं हट्ने छन्। अनुभवलेनिर्णय लिन सहयोग गर्नेछ । | **धनु** : लामो दूरीको यात्रा हुने छ । सीप प्रयोग गर्ने अवसर मिल्नेछ। |
| **कर्कट** : बोलीले राम्रो प्रभाव छोड्ने दिन छ । अध्ययनमा मन रमाउनेछ । | **मकर** :मेहनतले राम्रो प्रतिफल दिन सक्छ ।कागजी काममा प्रगति देखिन सक्छ । |
| **सिंह** : नेतृत्व गर्ने अवसर प्राप्त हुन सक्छ । कामको मूल्यांकन सकारात्मक रहने छ। | **कुम्भ**:काम गर्दा राम्रो नतिजा मिल्नेछ। सिर्जनात्मक सोचले अरूको ध्यान तान्न सक्छ। |
| **कन्या** : आर्थिक योजना मिलाउँदा सहज हुनेछ । पुरानो साथीसँग भेट हुने छ । | **मीन** : मनलाई स्थिर राख्दा निर्णय सही हुनेछ।आम्दानीका स्रोत प्राप्त हुने छ । |

# कृषि

## ६२ करोडभन्दा बढीको कोदो आयात



पछिल्लो समय नेपाल खाद्यान्न बाली कोदोमा समेत परनिर्भर बन्दै गएको छ । जसका कारण कोदो आयात बढ्दै गएको छ । भन्सार विभागको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०८२/८३ मा कोदोजन्य बाली र जुनेलो बाली (बीउ बीजनसमेत) ६२ करोड २८ लाख ९८ हजार बराबरको करिब ४४.८८ मेट्रिकटन आयात भएको देखिन्छ । सोही अवधिमा १३ लाख २५ हजार बराबरको २.११ मेट्रिकटन कोदोबाली र बीउबीजन निर्यातसमेत भएको देखिएको छ । कृषि, वन तथा पर्यावरण मन्त्रालयको आर्थिक वर्ष २०८१/८२ को तथ्याङ्कअनुसार दुई लाख १४ हजार चार सय ७७ हेक्टरमा कोदोजन्य बालीको खेती भई दुई लाख ८४ हजार तीन सय ५२ मेट्रिकटन कोदो उत्पादन भएको छ । कोदोजन्य बालीको उत्पादकत्व १.३३ मेट्रिकटन प्रतिहेक्टरमात्रै रहेको छ । कोदोजन्य बालीहरूमा उन्नत प्रविधि प्रयोग, सिँचाइ, मलखाद व्यवस्था गर्न सकेमा उत्पादन तथा उत्पादकत्व बढाउन सकिने कोदोविज्ञहरूले बताएका छन् । कोदोजन्य बालीहरू प्रोटिन, फाइबर, भिटामिन, आइरन, क्याल्सियम, म्याग्नेसियमलगायतका तत्त्वहरूको राम्रो स्रोत हुन् । पछिल्लो समय अस्वस्थकर खानपान र आधुनिक जीवनशैलीका कारण नसर्ने रोगको तीव्र वृद्धि जनस्वास्थ्यको सबैभन्दा ठूलो चुनौतीका रूपमा देखा पर्दै गएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । नेपाल कृषि अनुसन्धान परिषद्( नार्क) अन्तर्गत कोदोजन्य बालीमा अनुसन्धान गरी हालसम्म कोदोका छवटा, चिनोको एउटा कागुनोको एउटा गरी आठवटा जातहरू दर्ता गरिएका छन् भने कोदोजन्य बाली र तिनीहरूको जंगली प्रजाति संरक्षण कार्य राष्ट्रिय जीन बैंकमार्फत् हुँदै आएको छ । राष्ट्रिय जीन बैंकमा हालसम्म कोदोजन्य बालीका १२ सय ८० परिग्रहणहरू सुरक्षित गरी राखिएको छ । विभिन्न सामुदायिक बीउ बैंकहरूले स्थानीयस्तरमा कोदो र अन्य रैथाने बालीहरूको संरक्षण एवं दिगो उपभोगका लागि कार्य गरिरहेका छन् । कोदोबाट बन्ने रोटी, ढिँडो र सातु जस्ता परम्परागत परिकारका अलावा केक, ब्रेड, चाउमिन, कुकिज, बिस्कुट, पिज्जा, दुनट जस्ता आधुनिक परिकारमा विविधीकरण गरिएमा वर्तमान जनमानसमा समेत हाम्रा कोदोजन्य बालीको उपभोग बढाउन सकिन्छ । राष्ट्रिय कोदो दिवसका अवसरमा कोदोको मूल्य शृंखला सुदृढ गर्दै रैथाने बालीको उत्पादन र बजारीकरण बढाउन विज्ञहरूले जोड दिएका छन् । रैथाने बाली कोदोको संरक्षण, उत्पादन वृद्धि, मूल्य अभिवृद्धि र बजारीकरणलाई प्रभावकारी बनाउन मूल्य शृंखला सुदृढ गर्नुपर्ने उनीहरूको भनाइ छ । दोस्रो राष्ट्रिय कोदो दिवस २०८३ का अवसरमा शनिबार सिन्धुपाल्चोकको सुनकोशी गाउँपालिका-२, ठोकर्पामा आयोजित कार्यक्रममा वक्ताहरूले कोदोको बढ्दो महत्वसँगै यसको उत्पादन, प्रशोधन र बजार विस्तारमा राज्य, निजी क्षेत्र र सहकारीबीच सहकार्य आवश्यक रहेको बताएका हुन् । 'कोदो बाली संरक्षण र प्रवर्द्धन, खाद्य तथा पोषण सुरक्षा सम्वर्द्धन' भन्ने मूल नारासहित आयोजित दोस्रो राष्ट्रिय कोदो दिवस-२०८३ कृषि, वन तथा वातावरण मन्त्रालय, कृषि विभाग, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, नार्क, लिबर्ड नेपाल, खाद्य तथा कृषि संगठन नेपाल ( एफएओ) तथा एसोसिएसन अफ एग्रिकल्चर जर्नालिस्ट (अनाज)को संयुक्त आयोजनामा भएको हो । सो अवसरमा कोदो दिवस मूल समारोह समितिका अध्यक्ष प्रकाशकुमार सञ्जेलले कोदो उत्पादन र मूल्य शृंखला निर्माणमा योगदान पुर्‍याउने किसानप्रति धन्यवाद व्यक्त गर्दै किसानका समस्या समाधानका लागि संघ, प्रदेश र स्थानीय तहले समन्वयात्मक रूपमा काम गरिरहेको बताए । सुनकोशी गाउँपालिका-३ का वडाध्यक्ष पूर्णबहादुर महतले आफ्नो वडाका किसानहरू कृषि व्यवसायमार्फत् आत्मनिर्भर बन्दै गएको जानकारी गराउँदै पछिल्लो समय कोदो खेतीप्रति किसानको आकर्षण बढेको, उत्पादनमा सुधार आएको र बजारको पहुँच पनि विस्तार हुँदै गएको बताए । कृषि, वातावरण तथा पर्यावरण मन्त्रालयका सहसचिव डा. रामकृष्ण श्रेष्ठले नेपालमा कोदोको उत्पादनसँगै कोदो उपभोग र माग निरन्तर बढिरहेको बताए । कोदोको पोषण तथा स्वास्थ्यसम्बन्धी महत्वलाई दृष्टिगत गर्दै नेपाल सरकारले २०८२ सालदेखि राष्ट्रिय कोदो दिवस मनाउने निर्णय गरेको उनको भनाइ थियो । एफएओका कार्यक्रम विशेषज्ञ महेश बडालले सरकारले राष्ट्रिय कोदो दिवसलाई प्राथमिकताका साथ मनाउनु सकारात्मक कदम भएको उल्लेख गर्दै आगामी दिनमा कोदो प्रवर्द्धनका लागि अझ प्रभावकारी नीति र कार्यक्रम आवश्यक पर्ने बताए । विगतमा उपेक्षित बालीका रूपमा रहेको कोदो पछिल्लो समय स्वास्थ्य, पोषण र बजारका दृष्टिले महत्वपूर्ण बन्दै गएको उनको भनाइ थियो । बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रका प्रमुख केशव भट्टराईले अन्य खाद्यान्नसरह कोदो पनि महत्वपूर्ण बाली भएको उल्लेख गर्दै गाउँघरमा उत्पादन घट्दै गए पनि शहरी क्षेत्रमा प्रयोग र माग बढेकाले आयातसमेत वृद्धि भएको बताए । राष्ट्रिय कृषक समूह महासंघका अध्यक्ष पञ्चकाजी श्रेष्ठले कोदोलाई विगतमा 'गरिबको खाना' भनेर हेर्ने प्रवृत्ति रहे पनि व्यावसायिक खेती विस्तारसँगै यसको महत्त्व उल्लेखनीय रूपमा बढेको बताए । सो अवसरमा कोदो बाली संरक्षण तथा प्रवर्द्धनमा उल्लेखनीय योगदान पुर्‍याउने बाजुराको बडीमालिका नगरपालिका निवासी किसान सत्य खत्री र लमजुङको घनापोखरी सहकारी संस्थालाई सम्मान गरिएको छ । कृषि पत्रकारितामा योगदान पुर्‍याएकोमा अनाजको सिफारिसमा कृषि पत्रिकाका प्रकाशक तथा सम्पादक गोपाल आलेमगर तथा सिन्धुपाल्चोकको सुनकोशी गाउँपालिकालाई समेत कदरपत्र प्रदान गरिएको थियो । कोदोजन्य बालीको उत्पादन र उत्पादकत्वमा ह्रास आउने क्रम बढिरहँदा कोदो प्रवर्द्धनका लागि २०७८ देखि राष्ट्रिय कृषक समूह महासंघ र अनाजले साउन १५ लाई कोदो दिवसका रूपमा मनाउन सुरु गरेका थिए ।*-इहिमालय डटकम*

## दाङमा ९४ प्रतिशत रोपाइँ सम्पन्न



दाङमा आजसम्म कुल ९४ प्रतिशत जमिनमा रोपाइँ सकिएको छ । दाङमा कुल खेतीयोग्य जमिन ७४ हजार ३३६ हेक्टर छ । झन्डै ५० प्रतिशत जमिनमा धान खेती हुन सक्दैन । यहाँ ३७ हजार २२५ हेक्टर जमिनमा रोपाइँ हुने गरेको छ । आजसम्म ३४ हजार ९९१ हेक्टर जमिनमा रोपाइँ सकिएको छ । देउखुरी उपत्यकाको लमही नगरपालिका, राप्ती, गढवा र राजपुर गाउँपालिकामा सिँचाइ सुविधा पुगेको छ । घोराही उपमहानगरपालिकामा आठ हजार ९७ हेक्टर, तुलसीपुर उपमहानगरपालिकामा छ हजार ७९५ हेक्टर, दङ्गीशरण गाउँपालिकामा तीन हजार ४१२ हेक्टर, गढवा गाउँपालिकामा तीन हजार २८० हेक्टर, लमही नगरपालिकामा तीन हजार २५० हेक्टरमा धानखेती गरिन्छ । त्यसैगरी, राप्ती गाउँपालिकामा तीन हजार २४५ हेक्टर, राजपुर गाउँपालिकामा तीन हजार १०३ हेक्टर, शान्तिनगर गाउँपालिकामा दुई हजार ७५० हेक्टर, बबई गाउँपालिकामा दुई हजार १५० हेक्टर तथा बङ्गलाचुली गाउँपालिकामा एक हजार १४३ हेक्टर क्षेत्रमा धान खेती गरिँदै आएको कृषि ज्ञान केन्द्रका वरिष्ठ कृषिप्रसार अधिकृत आशा भण्डारीले राससलाई बताउनुभयो । यहाँका किसानले सावित्री, मनसुली, राधा ४, सुनौलो सुगन्ध, लोकतन्त्र, गोरखनाथ, लोकनाथ, युएस ३१२, लगाएतका वर्णशङ्कर जात र कम पानी हुने ठाउँमा सुक्खा-१, सुक्खा -२, सुक्खा-३ जातका बीउ रोपाइँ गरिन्छ । त्यस्तै यहाँको स्थानीय तिल्की र सिम्ठारो धान पनि केही किसानले खेती गरेको पाइन्छ । गत वर्ष दाङमा ३५ हजार तीनसय २८ हेक्टर जमिनमा एक लाख ४४ हजार २६४ मेट्रिक टन धान उत्पादन भएको थियो ।*-रासस*

## करेसाबारीबाट 'रस्टी-स्पटेड क्याट' जोगाउने प्रयास, बर्दियामा स्थानीयलाई तालिम



विश्वकै सबैभन्दा सानो जंगली बिरालो मानिने रस्टी-स्पटेड क्याट (खिया थोप्ले बिरालो) को संरक्षणलाई स्थानीयको जीविकोपार्जनसँग जोड्ने उद्देश्यले बर्दियामा 'एक घर, एक करेसाबारी' कार्यक्रम सञ्चालन गरिएको छ । ठाकुरबाबा नगरपालिका-९, खुशालपुरमा आयोजित कार्यक्रममा १४ जना स्थानीय सहभागी भएका थिए । उनीहरूलाई प्राङ्गारिक तरकारी खेती, कम्पोस्ट मल निर्माण, माटो व्यवस्थापन तथा दिगो कृषि अभ्याससम्बन्धी एकदिने तालिम दिइएको थियो । तालिमपछि प्रत्येक सहभागीलाई कृषि औजार र मौसमी तरकारीका बीउबिजन पनि वितरण गरिएको आयोजकले जनाएको छ । कार्यक्रम स्मल वाइल्ड क्याट कन्जर्भेसन फाउन्डेसन ( एसडब्लुसिसिएफ), मोहम्मद बिन जायेद स्पिसिज कन्जर्भेसन फन्ड ( एमबिजेडएससिएफ) तथा रस्टी-स्पटेड क्याट वर्किङ ग्रुप-बर्दिया को सहयोगमा सञ्चालन भएको हो । कार्यक्रमको संयोजन रामजन चौधरीले गरेका थियो भने पशु चिकित्सक अशिष चौधरीले प्रशिक्षण दिएका थिए । आयोजकका अनुसार घरघरमा करेसाबारीको विकास भए वनजन्य स्रोतमा निर्भरता घट्ने, वन क्षेत्रमा हुने मानव चाप कम हुने र त्यसबाट वन्यजन्तुको बासस्थान संरक्षणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसले वन डढेलोको जोखिम घटाउने, अवैध सिकार न्यूनीकरण गर्ने तथा रस्टी-स्पटेड क्याटका आहारा प्रजातिको संरक्षणमा समेत सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ । रस्टी-स्पटेड क्याट नेपाल, भारत र श्रीलंकामा मात्र पाइने दुर्लभ जंगली बिरालो हो । यसको शरीरको लम्बाइ ३५ देखि ४८ सेन्टिमिटर र तौल ०.९ देखि १.६ किलोग्रामसम्म हुन्छ । शरीरमा देखिने खिया रङका साना थोप्लाका कारण यसलाई खिया थोप्ले बिरालो पनि भनिन्छ । यो बिरालो मुख्यत: राति सक्रिय हुने, एक्लै बस्ने र अत्यन्त लजालु स्वभावको हुन्छ । मुसा, साना स्तनधारी जनावर, चराचुरुङ्गी, छेपारो, भ्यागुता तथा कीराफट्याङ्गाहरू यसको मुख्य आहारा हुन् । मुसाको सङ्ख्या नियन्त्रणमार्फत पारिस्थितिक प्रणालीको सन्तुलन कायम राख्न यसले महत्वपूर्ण भूमिका खेल्ने संरक्षणकर्मीहरूको भनाइ छ । कार्यक्रम संयोजक रामजन चौधरीका अनुसार वि.सं. २०६९ सालमा बर्दिया राष्ट्रिय निकुञ्जमा यस प्रजातिको पहिलो पटक तस्बिरसहित अभिलेखीकरण गरिएको थियो । तालिम सञ्चालन भएको खुशालपुर क्षेत्र सोही आसपास पर्ने भएकाले स्थानीय समुदाय यसको संरक्षणका लागि महत्वपूर्ण साझेदार रहेको उनले बताए । तालिमका क्रममा सहभागीलाई वन डढेलो नियन्त्रण, अवैध सिकार रोकथाम, वन्यजन्तुको सडक दुर्घटना न्यूनीकरण तथा प्राकृतिक बासस्थान संरक्षणमा सक्रिय भूमिका निर्वाह गर्न पनि आग्रह गरिएको थियो । एसडब्लुसिसिएफ, एमबिजेडएससिएफ तथा रस्टी-स्पटेड क्याट वर्किङ ग्रुपले बर्दियामा विद्यालयस्तरीय संरक्षण सचेतना, वृक्षारोपण, बासस्थान पुन:स्थापना, होमस्टे प्रवर्द्धन, दिगो कृषि तथा आयआर्जनमूलक कार्यक्रम सञ्चालन गर्दै आएका छन् । संस्थाहरूका अनुसार मोहम्मद बिन जायेद स्पिसिज कन्जर्भेसन फन्ड ले विश्वका १७४ देशमा संकटापन्न तथा कम चर्चामा रहेका वन्यजन्तुको संरक्षणका कार्यक्रमलाई सहयोग गर्दै आएको छ ।*-सेतोपाटी डटकम*

## मत्स्य केन्द्रद्वारा चार करोड ३८ लाख माछाका भुरा उत्पादन, सात जिल्लाका किसान लाभान्वित



धनुषास्थित मत्स्य मानव संसाधन विकास तथा प्रविधि परीक्षण केन्द्रले आर्थिक वर्ष २०८२/८३ मा चार करोड ३८ लाख माछाका भुरा उत्पादन गर्दै उल्लेखनीय उपलब्धि हासिल गरेको छ । केन्द्रले ह्याचलिङदेखि फिङ्गरलिङ र खाने माछासम्म उत्पादन गरी विभिन्न जिल्लाका किसानलाई बिक्री वितरण गरेको जनाएको छ । केन्द्रका प्रमुख ज्ञानबहादुर जिरेलका अनुसार गत आर्थिक वर्षमा चार करोड ३८ लाख ह्याचलिङ, ३२ लाख फ्राइ भुरा, १३ लाख ८२ हजार फिङ्गरलिङ तथा दुई हजार ५३ किलो खाने माछा उत्पादन गरिएको हो । उत्पादन भएका भुरा तथा माछा बिक्रीबाट मात्रै केन्द्रले रु ३४ लाख ३५ हजार ५३६ आम्दानी गरेको छ । यसका अतिरिक्त सरकारी सम्पत्ति बहालबाट रु तीन लाख २४ हजार ३०० र अन्य प्रशासनिक सेवा प्रवाहबाट रु ५९ हजार राजस्व संकलन भएको केन्द्रले जनाएको छ । केन्द्रबाट उत्पादन गरिएका माछाका भुरा मधेस प्रदेशका धनुषा, सिरहा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्साका किसानले नियमित रूपमा खरिद गर्दै आएका छन् । त्यसैगरी बागमती प्रदेशका काठमाडौं, सिन्धुली, रामेछाप र दोलखा तथा कोशी प्रदेशको सुनसरीलगायत जिल्लाका किसानसमेत केन्द्रका ग्राहक बनेका छन् । केन्द्रले हाल रहु, नैनी, भाकुर, कमन कार्प, सिल्भर कार्प, बिगहेड कार्प र ग्रास कार्प प्रजातिका माछाका भुरा उत्पादन गर्दै आएको छ । यी प्रजातिका भुरा व्यावसायिक मत्स्यपालनका लागि अत्यधिक माग हुने गरेको केन्द्रको भनाइ छ । तुलनात्मक रूपमा हेर्दा आर्थिक वर्ष २०८१/८२ मा केन्द्रले चार करोड ७५ लाख पाँच हजार ह्याचलिङ, ३२ लाख ३६ हजार फ्राइ भुरा, १२ लाख ६२ हजार फिङ्गरलिङ तथा दुई हजार किलो खाने माछा उत्पादन गरेको थियो । यस वर्ष ह्याचलिङ उत्पादन केही घटे पनि फिङ्गरलिङ र खाने माछाको उत्पादन बढेको देखिएको छ । उत्पादनसँगै केन्द्रले निजी क्षेत्रका ह्याचरी सञ्चालकलाई नियमित रूपमा तालिम तथा प्राविधिक ज्ञान प्रदान गर्दै आएको छ, जसले व्यावसायिक मत्स्यपालन विस्तारमा टेवा पुगेको विश्वास गरिएको छ । वि.सं. २०१८ मा स्थापना भएको उक्त केन्द्रमा हाल ७८ वटा माछापोखरी रहेका छन् । तीमध्ये १९ वटा पोखरी प्रयोगविहीन अवस्थामा रहेको जनाइएको छ । ती पोखरीलाई पुन: सञ्चालनमा ल्याउन सके उत्पादन क्षमता अझै वृद्धि हुने अपेक्षा गरिएको छ ।*-डिसी नेपाल डटकम*

# आज अन्तर्राष्ट्रिय आदिवासी दिवस मनाइँदै



**पाल्पा,** साउन २४/ विश्वभर आज अन्तर्राष्ट्रिय आदिवासी दिवस विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदैछ । आदिवासी जनजातिको अधिकार, पहिचान, संस्कृति, भाषा र परम्पराको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले हरेक वर्ष अगस्ट ९ तारिखमा यो दिवस मनाउने गरिन्छ ।

संयुक्त राष्ट्रसंघले सन् १९९४ मा अगस्ट ९ लाई अन्तर्राष्ट्रिय आदिवासी दिवसका रूपमा घोषणा गरेपछि विश्वभर यो दिवस मनाउन थालिएको हो । आदिवासी समुदायले भोग्दै आएका सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक चुनौतीबारे विश्व समुदायको ध्यानाकर्षण गराउनु दिवसको प्रमुख उद्देश्य हो ।नेपालमा पनि दिवसका अवसरमा आदिवासी जनजातिसँग सम्बन्धित विभिन्न संघसंस्था तथा समुदायले र्‍याली, अन्तरक्रिया, सांस्कृतिक कार्यक्रम, गोष्ठी तथा सभालगायतका कार्यक्रम आयोजना गर्दै आएका छन् । नेपालका आदिवासी जनजाति समुदायले आफ्नो भाषा, संस्कृति, परम्परा, भूमि तथा प्राकृतिक स्रोतसँगको सम्बन्ध संरक्षणका साथै राज्यका सबै तहमा समान सहभागिता र अधिकार सुनिश्चित गर्नुपर्ने माग गर्दै आएका छन् । दिवसले आदिवासी समुदायको मौलिक पहिचान र अधिकारको सम्मान गर्दै उनीहरूको विकास, प्रतिनिधित्व र सहभागितालाई सुनिश्चित गर्न राज्य तथा सम्बन्धित सबै पक्षलाई थप जिम्मेवार बन्न सन्देश दिने अपेक्षा गरिएको छ ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा विविधतायुक्त मुलुक भएकाले यहाँका आदिवासी जनजातिको पहिचान र संस्कृतिको संरक्षण समग्र राष्ट्रिय सम्पदाको संरक्षणसँग समेत जोडिएको छ । त्यसैले आदिवासी समुदायको भाषा, संस्कृति, परम्परा र ज्ञानको संरक्षणसँगै उनीहरूलाई राज्यको नीति निर्माण, विकास प्रक्रिया तथा निर्णय तहमा अर्थपूर्ण रूपमा सहभागी गराउनुपर्ने आवश्यकता देखिन्छ । यस दिवसका अवसरमा आदिवासी जनजातिको अधिकार र पहिचानका विषयमा भएका प्रतिबद्धतालाई व्यवहारमा कार्यान्वयन गर्दै समानता, समावेशिता र सामाजिक न्यायमा आधारित समाज निर्माणका लागि थप पहल गर्नुपर्ने आवाज उठिरहेको छ । दिवसले आदिवासी समुदायको योगदान र मौलिकतालाई सम्मान गर्दै उनीहरूको अधिकार, प्रतिनिधित्व र सहभागितालाई सुनिश्चित गर्ने दिशामा सरकार तथा सम्बन्धित सबै पक्षको ध्यान केन्द्रित गराउने विश्वास गरिएको छ ।

## खेलकुद समाचार

### हरमितले एनपीएलमा जनकपुरको कप्तानी गर्ने



**काठमाडौं,** साउन २३/– अमेरिकी अलराउन्डर हरमित सिंहले नेपाल प्रिमियर लिग (एनपीएल) को तेस्रो संस्करणमा जनकपुर बोल्ट्सबाट खेल्ने भएका छन् । जनकपुर बोल्ट्सले आफ्नो सामाजिक सञ्जाल प्लेटफर्मबाट हरमितलाई अनुबन्ध गरेको जनाएको छ । जनकपुरले एसोसिएट क्रिकेटका प्रभावशाली खेलाडी हरमितलाई कप्तानीको जिम्मेवारी पनि दिएको छ । उनले पहिलो दुई सिजन सुदूरपश्चिम रोयल्सबाट खेलेका थिए ।

यस्तै पोखरा एभेन्जर्सले तेस्रो संस्करणको एनपीएल का लागि श्रीलंकाका अनुभवी अलराउन्डर पोथोतुवा अरच्चिगे धनञ्जय लक्षणलाई टोलीमा अनुबन्ध गरेको छ । लक्षणले दोस्रो संस्करण पोखराबाटै खेलेका थिए । उनी पोखरामा भित्रिने दोस्रो विदेशी खेलाडी हुन् । यसअघि पोखराले बङ्गलादेशी अलराउण्डर शकिब अल हसजलाई टोलीमा अनुबन्ध गरिसकेको छ ।

## ढोरपाटनमा ३७ हजार...

..."ढोरपाटनको आकर्षण अहिले बाहिर आउन थालेको छ । यहाँ आउने पर्यटकको संख्या वृद्धि हुनुको प्रमुख कारण प्रचारप्रसार रहेको छ ।

पर्यटकीय पूर्वाधार थपिनु, बुकीपाटन, बुकीफुल र जलजलाको चर्चासँगै पदयात्रीको रोजाइ पर्नु र होटल तथा घरबासको व्यवस्थापनका कारण पर्यटकमा वृद्धि भएका हुन्", सुवेदीले भने । ढोरपाटनमा सिकार खेल्न मात्रै विदेशी पर्यटक आउने गरेकामा पछिल्लो समय ढोरपाटन उपत्यका, निशेलढोर र ढोरबराह मन्दिर, बुकीपाटन र जलजलालगायतका क्षेत्रको अवलोकनका लागि आन्तरिक पर्यटक यहाँ आउने गरेका छन् । समुद्री सतहबाट दुई हजार ९०० मिटरको ढोरपाटन उपत्यकादेखि चार हजारभन्दा माथिको बुकीपाटनसम्म पर्यटक पुग्न थालेका छन् । पर्यटकलाई शुल्क तिरेर पालसहित बस्ने व्यवस्था पनि मिलाइएको आरक्ष कार्यालयका रेञ्जर सुवेदीले जानकारी दिए ।-रासस


### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको दर्लामडाँडा गाविस–३ हाल बगनासकाली गाउँपालिका–५ निवासी भारतिय भू.पू.सैनिक नं. J.C. 607134Y का सुवेदार धन बहादुर थापा (ना.प्र.मा धन बहादुर गाहा मगर)को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा इन्द्र देवी थापा र जन्म मिति सन् १९६३ फेब्रअरी १२ (२०१९/१०/३०) र नेपाली नागरिकता प्रमाणपत्रमा इन्द्र कुमारी गाहा, जन्म मिति २०२०/०४/०१ (सन् १९६३ जुलाई १६) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक–फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको दर्छा गाविस–१, हाल रामपुर नगरपालिका–३ निवासी भारतिय भू.पू.सैनिक नं.JC 629977M का sub/hony /lt खोम राज पराजुली (ना.प्र.मा गोविन्द प्रसाद पाण्डे) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा तुल्सी देवी पराजुली र जन्म मिति सन् १९६१ सेप्टेम्वर २० (वि.स.२०१८/०६/०४) र नेपाली नागरिकता प्रमाणपत्रमा तुलसी पाण्डे, जन्म मिति वि.स. २०१८/०६/०६ (सन् १९६१ सेप्टेम्वर २२) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक–फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको झिरुवास गाविस–१ हाल निस्दी गाउँपालिका–३ निवासी भारतिय भू.पू.सैनिक नं. J.C. 623154W का सुवेदार पदम बहादुर थापा (ना.प्र.मा पदम बहादुर थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा जमाती देवी र जन्म मिति सन् १९५८ फेब्रअरी १२ (२०१४/११/०१) र नेपाली नागरिकता प्रमाणपत्रमा जमौती आले, जन्म मिति २०१४/११/०१ (सन् १९५८ फेब्रअरी १२) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक–फरक नामथर भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।


## पाल्पामा सेनकालीन...

...उनले पाल्पाका सेनकालीन सम्पदालाई पदयात्रासँग जोडेर प्रचार गर्ने अभियानले निरन्तरता पाएमा यसको लाभ तानसेन बजारमा मात्र सीमित नभई गाउँका घरबासदेखि स्थानीय उत्पादनसम्म पर्यटनको प्रभाव फैलिन सक्ने विश्वास लिए । इतिहासले दिएको सम्पदा र प्रकृतिले दिएको सौन्दर्यलाई एउटै पदमार्गमा जोड्न सक्नु नै पाल्पाको पर्यटनको बलियो सम्भावना भएको सभापति श्रेष्ठको भनाई छ । उनले भने "पर्यटकलाई पाल्पा 'देखाउने' मात्र होइन, पाल्पाको इतिहासमा हिँडाउने अभियानले जिल्लाको पर्यटनलाई नयाँ गति दिन सक्ने छ ।" पाल्पाको सेनकालीन इतिहास, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, प्रवर्द्धन र पर्यटन विकासमा सकारात्मक योगदान पुऱ्याउने उद्देश्यले पदयात्रा सञ्चालन गरिएको कार्यक्रम संयोजक तथा नाट्टाका सल्लाहकार धिरज बहादुर बज्राचार्यले बताए ।

चौथो शनिबार निस्किएको पदयात्राको टोली तानसेन शितलपाटीदेखि बतासेडाँडा, चण्डीभञ्ज्याङ् , भुल्के, जोर्ते, राजकुलो, अर्गली हुँदै रिडी पुगेर पुन: तानसेन फर्किएको नाट्टाका महासचिव सतिस राज शाक्यले जानकारी दिए । टोलीले साउन महिनाको प्रत्येक शनिबार जिल्लाका सेनकालीन पर्यटकीय स्थलहरुको पैदल यात्रा गर्दै आएको छ । पैदल यात्रामा पर्यटन व्यवसायी, राजनीतिक दल, जनप्रतिनिधि,सुरक्षा निकाय, स्वास्थ्यकर्मी, विभिन्न सामाजिक संघ संस्थाका व्यक्तिहरु र विद्यार्थीहरुको उत्साहजनक सहभागीता रहेको छ ।


## भू–संरक्षणमा ध्यान दिऔं

- भू–क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
- भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
- भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- भू–बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
- वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- भू–संरक्षणमा समुदायको सहभागिता बढाऔं।

भू–रक्षा: जीवनको सुरक्षा

नेपाल सरकार
विज्ञापन बोर्ड

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको हुमिन गाविस–९, हाल रम्भा गाउँपालिका–४ निवासी भारतिय भू.पू.सैनिक नं.5344513H का NK हुम बहादुर थापा (ना.प्र.मा हुम बहादुर दर्लामी) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा ससि सरा थापा र जन्म मिति सन् १९६२ अगष्ट १८ (वि.स.२०१९/०५/०२) र नेपाली नागरिकता प्रमाणपत्रमा ससि सरा दर्लामी, जन्म मिति वि.स. २००८/०५/२० (सन् १९५१ सेप्टेम्वर ५) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक–फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको कोलडाँडा गाविस–५(कसेनी गाविस–७), हाल माथागढी गाउँपालिका–३ निवासी भारतिय भू.पू.सैनिक नं. JC 602334L का सुवेदार छविराम राना (ना.प्र.मा हुम बहादुर चिदी) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा मिना देवी राना र जन्म मिति सन् १९६०जुलाई २८(वि.स.२०१७/०४/१३) र नेपाली नागरिकता प्रमाणपत्रमा मनिसरा चिदी मगर, जन्म मिति वि.स. २०१३/०८/०२ (सन् १९५६ नोभेम्वर १७) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक–फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई